चापाकोट नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : १ चापाकोट, २०७४ फाल्गुण ०४ गते संख्या : ७

## भाग २

## चापाकोट नगरपालिकाको विपद् व्यवस्थापन कार्यविधि, २०७४

चापाकोट नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : १ चापाकोट, २०७४ फाल्गुण ०४ गते संख्या : ७

## भाग २

## चापाकोट नगरपालिकाको विपद् व्यवस्थापन कार्यविधि, २०७४

स्वीकृत मिति : २०७४/११/०४

**प्रस्तावना :** चापाकोट नगरपालिका क्षेत्र भित्र प्राकृतिक तथा गैर प्राकृतिक विपद्बाट सर्वसाधारणको जीउज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवम् साँस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्नका लागि विपद् व्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रूपमा कार्यान्वयनका लागि कार्यविधि बनाउन वाञ्छनीय भएकोले,

चापाकोट नगरकार्यपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ ।

### परिच्छेद १
### प्रारम्भिक र परिभाषा

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यसको नाम "चापाकोट नगरपालिकाको विपद् व्यवस्थापन कार्यविधि, २०७४" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसगंले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ऐन

भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्छ।

(क) "**स्थानीय तहको कार्यकारिणी अधिकार**" भन्नाले नेपालको संविधान २०७२ को भाग १७ को धारा २१४ उपधारा(१) मा व्यावस्था भएवमोजिम नगरकार्यपालिकामा निहित हुने छ भन्ने जनाउँछ।

(ख) "**प्रमाणिकरण**" भन्नाले नेपालको संविधानको धारा २१४ उपधारा (५) वमोजिम नगरकार्यपालिकाको नाममा हुने निर्णय वा आदेश र तत्सम्वन्धी अधिकारको स्थानीय कानून वमोजिम हुनेछ भन्ने कुरा वुझाउँछ।

(ग) "**नगरकार्यपालिका**" भन्नाले नेपालको संविधान २०७२ भाग १७ को धारा २१४ को उपधारा (३) बमोजिम संविधान २०७२ अन्य कानून वमोजिम नगरपालिकाको शासन व्यवस्थाकोसामान्य निर्देशन नियन्त्रण संचालनगर्ने अभिभारा नगर कार्यपालिकाको हुनेछ।

(घ) "**नगर कार्यपालिका प्रमुख**", "**उप प्रमुख**", "**वडा अध्यक्ष**", "**सदस्य**" भन्नाले नेपालको संविधान २०७२ को धारा २१६ को (१) वमोजिम एकजना नगर कार्यपालिका प्रमुख रहने छ र निजको अध्यक्षतामा नगर कार्यपालिका गठन हुने छ त्यसै गरि धारा २१६ उपधारा (२)वमोजिम एक जना उप प्रमुख र प्रत्येक वडामा वडा अध्यक्ष र उपधारा (४) वमोजिम सदस्य रहने भन्ने कुरा जनाउँछ।

(ङ) "**स्थानीय व्यवस्थापिकीय अधिकार**" भन्नाले नेपालको संविधान २०७२ को भाग१८ को धारा २२१ उपधारा(१) र अनुसुची ८ वमोजिम स्थानीय तहको व्यवस्थापिकीय अधिकार नगर सभामा निहित रहनेछ भन्ने वुझाउछ।

(च) "**नगरसभा**" भन्नाले नेपालको संविधान २०७२ को भाग १८ धारा २२३ उपधारा(१) अनुसार नगरसभा रहने छ भने उपधारा(२)(३)(४)(५) वमोजिमको प्रकृया द्वारा नगर सभा गठन हुन्छ।

(छ) **"संञ्चित कोष"** भन्नाले नेपालको संविधान २०७२ को भाग १९ को धारा २२९ को उपधारा (१) वमोजिम स्थानीय संञ्चितकोष रहेको छ भन्ने कुरा वुझाउछ ।

(ज) **"नगरपालिकाको राजस्व र व्यय अनुमान"** भन्नाले नेपालको संविधान २०७२ को धारा २३० को उपधारा (१) वमोजिम नगरपालिकाले प्रत्यक आ व को लागी राजस्व र व्यय अनुमान नगर सभा बाट पारित अर्थ ऐन विनियोजन ऐन वनाइ कार्यान्वयनमा ल्याएको भन्ने कुरा वुझाउछ ।

(झ) **"विपद्"** भन्नाले आगलागी, भुकम्प, प्रकृति विपत्ति वाढीपहिरो, अतिवृष्टि, अनवृष्टि,महामारी, डढेलो, खडेरी, दुर्घटना, भुक्षय, पहिरो आदि लाई जनाउछ ।

(ञ) **"विपद् व्यवस्थापन कोष"** भन्नाले विपद् भएको अवस्थामा विपद् न्युनिकरण गराउन राहत उपलव्ध गराउन संकलन गरिएको कोष लाइ सम्झनु पर्दछ ।

(ट) **"कार्यविधि"** भन्नाले नेपालको संविधान २०७२ अनुसूची ८ क्र.स २० मा विपद व्यवस्थापन लेखिए वमोजिम सो कार्यन्नवयन गर्न विपद् व्यवस्थापन कार्यविधि २०७४ लाई जनाउछ ।

(ठ) **"कार्ययोजना"** भन्नाले नगरपालिकाको वार्षिक विनियोजन ऐनमा विपद् व्यवस्थापनको लागि विनियोजित वजेट कार्यविधि अनुसार कार्यन्वयन गर्न वार्षिक विपद व्यवस्थापन कार्ययोजना वनाउने कुरालाइ वुझाउछ ।

(ड) **"विपद व्यवस्थापन समिति"** भन्नाले विपद् व्यवस्थापन व्यवस्थित हरपल तत्पर रहने गरी कार्य तयारी अवस्थामा रहने उद्देश्य बाट नगर प्रमुखको अध्यक्षतामा गठन भएको समिति सम्झनु पर्दछ ।

(ढ) **"वारुणयन्त्र"** भन्नाले नगरपालिकामा रहेको आगो निभाउनका लागी तयारी अवस्थामा रहेको यन्त्र वारुण यन्त्र सम्झनु पर्दछ । वारुण यन्त्र सञ्चालनका लागि छुट्टै कार्यविधि वनाइ सञ्चालन

गरीनेछ ।

(ण) **"असाध्य रोग"** भन्नाले मुटु रोग, मृगौला रोग, क्यान्सर र अप्रत्यसित दुर्घटनामा परि अंग भंग वा दिर्घकालिन रोग लाग्ने जनाउछ ।

## परिच्छेद २

## आगोलागी नियन्त्रण सम्वन्धमा

(१) बाक्लो वस्ती भएका स्थानहरुमा cease fire जस्ता उपकरणहरु जडानका लागी सम्वन्धित निकायमा माग गर्ने ।

(२) हरेक वस्तिका घर घरमा दमकल, पानी टेकंर, ट्याक्टर जाने गरी सडक निर्माण गराउने ।

(३) पानीका पोखरी संरक्षण घर नजिक बाट वग्ने सिंचाइ कुला संरक्षण कालिगण्डकी र अन्य खोलाहरुमा जाने सडकको निर्माण, खोलाहरुमा जाने स्थानहरुलाइ संरक्षण गर्ने कुनै पनि भौतिक निर्माण हुन नदिने ।

(४) ठाँउ-ठाँउमा सार्वजानिक पानीका धारा हरु वनाउने संरक्षण गरी राख्ने ।

(५) वारुण यन्त्र सञ्चालनका लागी तयारी अवस्थामा राख्ने ।

(६) वारुण यन्त्र सञ्चालन कार्यविधि वनाइ कार्यन्नयनमा ल्याउने ।

(७) आगोलागी बाट वच्न सजग रहन सडक नाटक पर्चापम्पेलेट कार्यक्रम गर्ने ।

(८) जंगलहरु डढेलो लाग्न नदिन समयमानै सचेत गराउने ।

(९) विधुतिय सटका कारण बाट आगोलागी हुन नदिन विधुत प्राधिकरण् पि सि संग समन्वय गरी रोक थाम गर्ने ।

(१०) नेपाल संघिय सरकार र प्रदेश सरकारले तोकेका कार्यहरु गर्ने ।

## परिच्छेद ३

## भूकम्प सम्वन्धमा

(१) नगर क्षेत्र भित्र सुरक्षित घर निर्माणको लागि सम्वन्धीत घरधनीहरुलाइ जानकारी मुलक सूचना प्रवाह गर्ने ।

(२) भवन निर्माण आचार संहिता र शहरी योजना तथा भवन निर्माण मापदण्ड २०७२ प्रभावकारीताका साथ कार्यान्नयनमा निरन्तरता दिने ।

(३) आउन सक्ने भुकम्प बाट हुने जन धनको क्षतीको अवस्थामा तत्काल उद्धार गर्ने गरी सतर्क रहन सवै व्यवस्था मिलाउने ।

(४) केन्द्रिय सरकार र प्रदेश सरकारले तोकेका कार्य गर्ने ।

## परिच्छेद ४

## वाढी पहिरो नियन्त्रण सम्वन्धमा

(१) ज्याग्दी खोला, छिते खोला, मुकुन्दे खोला र अन्य खोलाहरु नियन्त्रणका लागि सम्वन्धित निकायमा योजना माग गर्ने ।

(२) पहिरो जानसक्ने जमिनहरुको पहिचान गरी त्यस्ता जमिनहरुमा वृक्षारोपण गर्न सम्वन्धित निकायमा माग गर्ने ।

(३) नया सडक निर्माण हुदा हुन सक्ने भूक्षेयी रोकथामका लागी सतर्कता अपनाउने ।

(४) कृषक हरु लाइ घासका विरुवा अम्लिसो नियालाका विरुवाहरु लगाउन अभियान गर्ने ।

(५) वन संरक्षण, वृक्षरोपण र अनुगमन कार्यमा निरन्तरता दिने ।

(६) केन्द्रिय सरकार र प्रदेश सरकार बाट तोकिएका कार्य गर्ने ।

(७) वायो इञ्जिनियरिङ प्रविधि अपनाउने ।

## परिच्छेद ५
## असाध्यरोग एव महामारी रोग नियन्त्रण सम्वन्धमा

(१) विज्ञहरुको सहयोग लिइ सरुवा रोग तथा विभिन्न महामारी रोग उत्पन्न र फैलन सक्ने स्रोत हरुको पहिचानगरी त्यस्ता स्रोतको निर्मुल गर्ने ।

(२) पशु पन्छी व्यवसायको रुपमा वस्ति नजिक पाल्न नपाइने साथै अनुमति नलिइ कुनै स्थानमा पाल्न नपाउने सुचना गर्ने ।

(३) छाडा भुस्याहा कुकुर हरु लाई नियन्त्रण तथा व्यवस्थापन गर्ने ।

(४) प्राण घातक रोग रोकथाम गर्न जनस्वास्थ्य संग समन्वय गरी जन चेतना मुलक कार्यक्रम चलाउने ।

(५) सरुवा रोग, महामारी रोग फैलिएमा जनस्वास्थ्य संग समन्वय गरी रोकथामका लागी आबस्यक कार्य गर्ने ।

(६) नगर सरसफाइ कार्यक्रम सञ्चालन कार्यविधि वनाइ सञ्चालनमा निरन्तराता दिने ।

(७) रोग नियन्त्रणमा आवश्यक औषधि आपुर्तिको व्यवस्था साथै रोग नियन्त्रणको खोपको व्यवस्था गर्न सम्न्वय गर्ने ।

(८) असाध्य रोगहरु जस्तो क्यान्सर, मुटुको रोग अप्रेशन, मृगौला प्रत्यारोपण गर्नपर्ने जस्ता अवस्थामा सक्दो सहयोग ।

## परिच्छेद ६
## विपद् व्यवस्थापन कोष

(१) न.पा.मा छुट्टै एउटा विपद व्यवस्थापन कोष रहनेछ। सोही कोषका नाममा वैंक खाता रहनेछ ।

(२) स्वीकृत विपद् व्यवस्थापन वार्षिक कार्ययोजना साथै राहत सम्वन्धी खर्च गरीने छ ।

- नगरपालिकाको विनियोजन ऐन वमोजिमको खर्च ।
- केन्द्रीय र प्रदेश सरकार बाट जारी भएको ऐन नियम बमोजिम विपद् सम्वन्धि खर्च ।

(३) यस कोषको रकम अन्य शिर्षकका लागि खर्च गर्न सकिने छैन ।

(४) विपद् व्यवस्थापन कोषमा रहने रकम निम्न क्षेत्र वाट प्राप्त हुनेछ।

(क) नगरपालिका विनियोजन ऐनमा विपद् व्यवस्थापन शिर्षक अन्तरगत विनियोजित रकम ।

(ख) न.पा.बाट सञ्चालन हुने वार्षिक कार्यक्रम बाट प्राप्त हुन सक्ने रकम ।

(ग) सरकारी गैर सरकारी संघ सस्था चन्दा दाता बाट प्राप्त अनुदान रकम ।

(घ) केन्द्रीय प्रदेश सरकार बाट प्राप्त सोहि शिर्षकको रकम।

(ङ) विपद् सम्वन्धी उपकरणहरु प्रयोय गर्न दिए वापत सहयोग वापत प्राप्त रकम ।

## परिच्छेद ७

## राहत सम्वन्धी व्यवस्था

### (क) मानवीय क्षति

(१) सामान्य भन्नाले सामान्य घाउ चोटपटक लागेको अवस्थालाई मानिने छ ।

(२) विशेष भन्नाले अपाङ्ग सम्म हुन सक्ने गरि विशेष घाउ चोटपटक लागेको अवस्थालाई मानिने छ ।

(३) असामान्य भन्नाले मृत्यु भएको वा मृत्यु नभएपनि जीवन भर अर्काको सहरामा वस्नुपर्ने असमान्य अवस्थालाई मानिने छ ।

### (ख) भौतिक क्षति

(१) सामान्य भन्नाले भौतिक संरचना तथा मालसामानमा

सामान्य क्षतिलाई मानिने छ ।

(२) विशेष भन्नाले क्षेती भएको भौतिक संरचना तथा मालसामान लाई मर्मत वा पून स्थापित गर्न सकिने खालको अवस्थालाई मानिने छ ।

(३) असामान्य भन्नाले भौतिक संरचना तथा मालसामानको अस्तित्वनै नरहने अवस्थालाई मानिनेछ ।

**(ग) राहत**

(१) चापाकोट

नगरपालिका क्षेत्रभित्र कुनै पनि विपद् परेमा त्यस्तो विपद्बाट राहत महसुस गराउनको लागी निवेदन दिएमा तत्काल समस्यको समाधान गर्न लागी नगरवासीलाई आफ्नो स्थानीय सरकारको उपस्थितिको महसुस हुने गरी विपद् व्यवस्थपन कोष बाट खर्च हुने गरी राहत सहयोग स्वरुप देहाय वमोजिमको रकम उपलव्ध गराउनेछ ।

(२) राहतवितरण

| क्र. सं. | विवरण | प्रकोप व्यवस्थापनको योजना विनियम २०७१ बमोजिम | विपद व्यवस्थापन नियमावली २०७४ | कैफियत |
|---|---|---|---|---|
| १ | मानवीय र भौतिक संरचना मा सामान्य क्षति । प्रति घर | १०००।- देखि ५०००।- अवस्था हेरी | १०००।- देखी ५०००।- सम्म अवस्था हेरी | अनुगमन प्रतिवेदन मुचुल्का सिफारिस |
| २ | मानवीय वा भौतिक संरचना मध्य कुनै एकमा विशेष क्षती भएको । प्रति घर | १००००।-अवस्था हेरी | ५०००।- देखी १००००।- सम्म अवस्था हेरी | अनुगमन प्रतिवेदन मुचुल्का सिफारिस |
| ३ | असाध्य रोग-क्यान्सर मुटु रोग मृगौला रोग | १५०००।- अवस्था हेरी | ५०००।- देखी १००००।- सम्म अवस्था हेरी | विषय विशेषज्ञको सिफारीस प्रमाण |

| | | | | |
|---|---|---|---|---|
| ४ | मानवीय क्षती विशेष र भौतिक संरचनामा सामान्य क्षती भएकोमा । प्रति घर | २००००।- अवस्था हेरी | १००००।- देखी १५०००।- सम्म अवस्था हेरी | अनुगमन प्रतिवेदन मुचुल्का सिफारिस |
| ५ | मानवीय क्षती विशेष र भौतिक संरचनामा असामान्य क्षती भएको । प्रति घर | २००००।- अवस्था हेरी | १५०००।-देखी २००००।- सम्म अवस्था हेरी | अनुगमन प्रतिवेदन मुचुल्का सिफारिस |
| ६ | मानवीय क्षती असमान्य भएको भौतिक संरचना विशेष क्षती भएकोमा । प्रति घर | ३००००।- अवस्था हेरी | २००००।- देखी ३००००।- सम्म अवस्था हेरी | अनुगमन प्रतिवेदन मुचुल्का सिफारिस |
| ७ | मानवीय र भौतिक संरचनामा असामान्य क्षती भएको प्रति घर | ४००००।- अवस्था हेरी | ३००००।- देखी ४००००।- सम्म अवस्था हेरी | अनुगमन प्रतिवेदन |

## परिच्छेद ८
## गठन र कार्यक्षेत्र

(१) नगर विपद व्यवस्थापन समिति गठन यस अनुसार हुनेछ ।

(क) संयोजक नगर प्रमुख

(ख) सदस्य नगर कार्यपालिका सदस्य २ जना

(ग) सदस्य सचिव प्रमुख प्रशासकिय अधिकृत

(घ) आमन्त्रित सदस्य हरु

- विषय विशेषज्ञ
- चापाकोट नगर स्थित सुरक्षा निकायका प्रमुख एवं प्रतिनिधि
- सरकारी निजी, गै.स.स., चापाकोट उधोग वाणिज्य संघ, नगर स्थित रेडक्रस प्रमुख एवं प्रतिनिधिहरु ।

(२) समितिको कार्यक्षेत्र

(क) विपद् व्यवस्थापन सम्वन्धि सम्पुर्ण कार्यहरु गर्न सक्नेछ ।

(ख) नगरापालिकामा एउटा गोदाम (Ware house) को व्यवस्था गरी आपतकालीन सामाग्री स्टक राख्ने ।

(ग) यस कार्यविधिमा उल्लेख नभएको विपद् सम्वन्धित विषयममा समितिको निर्णयवमोजिम हुनेछ ।

## परिच्छेद ९
## विविध

(१) यो कार्यविधि नेपाल केन्द्रीय सरकार प्रदेश सरकार बाट लागु हुने ऐन नियम संग वाझिँएका वुदा वा शब्दहरु स्वत यो कार्यविधिबाट हटेको सरह हुनेछ । केन्द्रीय सरकार र प्रदेश सरकारबाट लागु भएका ऐन नियम लागु हुने छ ।

(२) संघियता लागु भईसकेपछि यस कार्यविधि सँग सम्बन्धीत कामकारवाहिहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

२०७७ फाल्गुण ०४ गते

**आज्ञाले**

**ध्रुव खनाल**

**प्रमुख प्रशासकीय अधिकृत**